# प्रत्यावर्तन

-चंकी श्रेष्ठ

त्यस दिन पनि
मानिसहरू विष्णुमतीको एकलास किनारमा
उदास-उदास मुद्रामा
पूर्वतिर हेरिरहेको
गंगालालको सालिकमाथि प्रहार गरिरहेका थिए ।

कसैले नदेख्ने मौका छोपेर
गंगालालको सालिकमाथि उनीहरू हथौडा हानिरहेका थिए
सालिकको हात भाँचेर
टुक्राटुक्रा पारेर कतै फ्याँक्न खोजिरहेका थिए
अथवा बमले नै उडाइदिने हो कि भन्दै
खासखुस सल्लाह गरिरहेका थिए ।

भन्न त उनीहरू नै भनिरहेका थिए
गंगालाल हाम्रो मुटु हो
मुटुबिना मान्छे बाँच्न सक्दैन भनिरहेका थिए
गंगालालको सालिक संरक्षण गर्न
महानगरपालिकालाई ज्ञापनपत्र पनि दिइरहेका थिए
फेरि पनि मानिसहरू आफ्नै मुटु चुँडेर
कतै मिल्काउन पनि खोजिरहेका थिए ।

भन्न त भनिरहेकै थिए
धर्मपथको मुटुबाट जुद्धशमशेरको सालिक ढाल्नुपर्छ
त्यहाँ चार सहिदको सालिक राख्नुपर्छ भनिरहेका थिए
तर, जुद्धशमशेरको सालिकलाई
नित्य तीन पटक परिक्रमा गरेर आशिक पनि थापिरहेका थिए ।

त्यस दिन पनि
मानिसहरू जुद्धशमशेरको सालिक ढाल्नुपर्छ भन्दै
जुद्धशमशेरको सालिकलाई परिक्रमा गरिरहेका थिए
र, गंगालालको सालिक संरक्षण गर्न
महानगरपालिकालाई ज्ञापनपत्र दिँदै
गंगालालकै सालिकमाथि प्रहार गरिरहेका थिए ।

# अर्धसत्य

-चंकी श्रेष्ठ

दुनियाँमा यसरी व्याप्त हुन्छ अर्धसत्य
जसरी प्रत्येक दिन व्याप्त हुन्छ घाम ।

प्रत्येक रात
हामी हाम्रा नानीहरूलाई सुनाइरहेका हुन्छौं लोरी
प्रत्येक भेटमा
नेताजी सुनाइरहेका हुन्छन् उज्ज्वल भविष्यको सपना
प्रत्येक भेटमा
साहुजी देखाइरहेका हुन्छन् गुणस्तर प्रमाणचिह्न
र, प्रत्येक भेटमा
वकिल महोदय देखाइरहेका हुन्छन् न्यायको सपना ।

न्यायाधीश, कवि
डाक्टर, पत्रकार भौतारिइरहेका हुन्छन् सत्यको खोजीमा
तर, पालना गरिरहेका हुन्छन्
प्रत्येक पल अर्धसत्यको सनातन धर्म ।
अर्धसत्यविना संसार चल्छ भन्ने
तिनलाई रतिभर विश्वास छैन

प्रजातन्त्र, मानवअधिकार
संविधान, सार्वभौमसत्ता
न्याय, नीति-संस्कृति
व्यापार, विनिमय जताततै व्याप्त छ अर्धसत्य
लाग्छ- अर्धसत्यविना समाप्त हुनेछ तिनको अस्तित्व ।

फेरि प्रत्येक युगमा युधिष्ठिर
एकपटक अर्धसत्य बोल्छ
र, शोकाकूल द्रोणाचार्य ढल्छ
फेरि फेरि अर्धसत्यले यसरी संसार चल्छ ।

# गलत मान्छे

-चंकी श्रेष्ठ

केही डरलाग्दा आँधीका झोक्काहरू
पूर्व-पश्चिम, उत्तर-दक्षिण गरिरहेका थिए
उड्न थालेका थिए
मान्छेका आवाज, संवेदना र सम्झनाहरू
आकाशबाट पनि झर्न थालेका थिए रगतका धाराहरू
र, कुहिएका मासुका असिनाहरू

काला मेघहरू उत्तरबाट दक्षिण हुँदै
गड्याङ्गुडुङ् गरिरहेका थिए
धरतीको सुकोमल छातीमाथि
चट्याङ प्रहार गरिरहेका थिए
तर, म भने
आलो मृत्युको गन्धविरुद्ध
जीवनको सुमधुर संगीतलाई स्पर्श गरेर
जीवनकै सुवासिलो हावाको कुरा गरिरहेको थिएँ
नजिकै फूलले सरर्र हावा छरिरहेको थियो
त्यसलाई पनि बारम्बार स्पर्श गरिरहेको थिएँ

एउटा बचेरा जीवनको खोजीमा
छट्पटाइरहेको थियो
त्यसका पखेटा कुँजो भएका थिए
त्यसलाई मृत्युभूमिबाट मुक्त गर्ने प्रण गरिरहेको थिए

सायद त्यसैको अभियोगमा
मृत्युको वातावरणमा जीवनको कुरा गरेको अभियोगमा
मानिसहरू मलाई खतरनाक चेतावनी दिइरहेका थिए

मेरो पिठ्यूँमा रोपिएको थियो छुरी
र, कोखामा हानिएको थियो गोली
तर, छुरीले पनि मेरो मृत्यु भएन
गोलीले पनि मेरो मुत्यु भएन
र, म हिँडिरहेँ
पिठ्यूँमा रोपिएको छुरी र कोखामा गाडिएको गोलीसहितको शरीर लिएर
हो ,हिँडिरहेँ
जीवनको संगीतलाई स्पर्श गरेर
जीवनको खोजीमा छटपटाइरहेको
त्यो एउटा बचेरा लिएर निरन्तर हिँडिरहेँ

# भीडमा अनुहार

-चंकी श्रेष्ठ

एउटा विशाल भीडमा
म खोज्दैछु अनुहारहरू

अनन्त समुद्रजस्तो यो भीडमा
अनगिन्ती टाउकाहरू छन्
अनगिन्ती शरीरहरू छन्
अनगिन्ती जुत्ताहरू छन्
तर, कहीँ कतै
स्पष्ट अनुहार छैन
अनुहारका ठाउँमा
उस्तैउस्तै देखिने केवल मुखुण्डाहरू छन्

अनुहारहरू क्रमशः
परिणत भइरहेछन् भीडमा
तर, परिणत भइरहेको छैन भीड अनुहारमा
भीडमा त्यसैगरी सत्य पनि भइरहेछ गायब
जसरी गायब भइरहेछन् अनुहारहरू

यो विशाल भीडमा
म खोजिरहेछु अनुहारहरू
तर, कहीँ कतै अनुहार छैन
चुनौती दिन चाहन्छु म यो अनुहारहीन भीडलाई
उभ्याउन चाहन्छु एउटा स्पष्ट अनुहार
आफ्नै अनुहार

तर, खोइ कहाँ छ मेरो अनुहार ?
आह ! मेरै अनुहार पनि त गायब छ यो भीडमा !
मेरो अनुहार
मेरो शरीर
जम्मामा मेरै उपस्थिति
भइदिएको छ केवल भीडको एउटा नगन्य अंश ।

# भीडबाट अनुहार

-चंकी श्रेष्ठ

भीडमा मान्छेले त्यसैगरी गुमाउँछ आफ्नो अनुहार
जसरी शिशिरमा बनपाखाले गुमाउँछ आफ्नो रङ

अनगिन्ती टाउकाहरू बोकेर
अनगिन्ती शरीरहरू बोकेर
अनगिन्ती जुत्ताहरू बोकेर
भीड रत्नपार्क गइरहेछ
भीड बागबजार गइरहेछ
भीड सिंहदरबार छिरिरहेछ
भीड धर्मपथमा जुद्धशमशेरको सालिक परिक्रमा गरिरहेछ
भीड राजदरबार पश्चिम गेटमा उभिइरहेछ
भीड रोल्पा-रुकुमतिर गइरहेछ

भीडमा मानिसहरूले
हराएका छन् आफ्नो अनुहार, आफ्नो रङ र आफ्नो ब्रह्म
तर लाग्छ- यी सबै हराएकोमा
कुनै बिस्मात् छैन मानिसहरूलाई

एक जुगदेखि नचाहेरै
हराएको छ भीडमा मेरो अनुहार
हो, हराएको छ मेरो अस्तित्व
चुनौती दिन चाहन्छु
यसपालि म यो अनुहारहीन भीडलाई
हटाइदिनेछु यो भीडलाई आफ्नो अनुहारबाट
हो, फिर्ता चाहन्छु यो भीडबाट आफ्नो अनुहार

जब अमलेख हुनेछ भीडबाट मेरो अनुहार
अमलेख हुनेछन् धेरै धेरै अनुहारहरू

# हराएको देश

-चंकी श्रेष्ठ

उहिले उहिले
धेरै पहिले नै यो देशबाट
गुमाएका थियौं हामीले आफ्नो देश

तर, उहिले उहिलेदेखि नै
हामी यो देशको सौन्दर्यगाथा गाइरहेका थियौं
हो, हामी यो देशको
अबिरल र अजस्र पानीको कुरा गरिरहेका थियौं
हरियो वन नेपालको धन भनिरहेका थियौं
यो देशको स्वच्छ हावा र शीतल वातावरणको कुरा गरिरहेका थियौं

यो देश
एसियाको स्वीजरल्याण्ड हो
यो गौरवलाई जोगाउनुपर्छ भनिरहेका थियौं
सगरमाथा र गौतम बुद्धलाई उभ्याएर
संसारसामु नाक ठूलो पारिरहेका थियौं

पक्कै पनि यहाँ
मौसमअनुसार चल्नसक्ने नेताहरू पनि थिए
क्षणमै उचालिने र क्षणमै पछारिने जनता पनि थिए
आन्दोलन, विद्रोह र वार्ता पनि
थोक बिक्री शैलीमा भइरहेकै थिए
मानचित्रमा पनि त देश छँदै थियो
तर, विडम्बना, देशभित्र कतै देश थिएन

उहिले उहिलदेखि नै
यहाँ न्यायालयमा कतै न्याय थिएन
उहिले उहिलदेखि नै
यहाँ सुरक्षामा कतै शान्ति थिएन
हो, उहिले उहिलेदेखि नै यहाँ
सत्ययुद्धमा सत्य
न्याययुद्धमा न्याय
र, मुक्तियुद्धमा  कतै मुक्ति थिएन
हो, हामीसँग देशका प्रशस्त गौरवगाथा त थिए
तर विडम्बना, देशभित्र कतै देश थिएन